नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
कास्की

Phone: ०६१५३३६१३
Mobile: ९८५६००७१००
९८५६००७१०१
Email-pmamp.piu.kaski@gmail.com
Web: www.piukaski.pmamp.gov.np

पत्र संख्या ०८०/०८१
च नं

मिति: २०८१/०२/२४

# कार्यक्रम भुक्तानी माग सम्बन्धि सूचना

यस परियोजना कार्यान्वयन एकाइ, कास्कीको चालु आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम संचालनको लागि क्रमशः मिति २०८०/०९/२९, २०८०/११/२९ र २०८१/०१/२१ गतेको प्राविधिक समितिको सिफारिसबाट छनोटमा परेका कृषक/कृषक समूह/कृषि सहकारी/कृषि उधमीहरुमध्ये हालसम्म पनि तपसिल कार्यक्रम भुक्तानी माग गर्न नआएका लाभग्राही संस्थाहरुलाई अन्तिम मिति २०८१/०३/०५ सम्ममा आ-आफ्नो कार्यक्रम सम्पन्न पश्चातको बिल, भरपाई, सार्वजनिक सुनुवाई, निर्णय, कार्य सम्पन्न प्रतिवेदन लगायत अन्य आवश्यक कागजात सहित भुक्तानी माग गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। लाभग्राहीहरु समयसिमा भित्र भुक्तानी माग गर्न नआएमा कार्यालय भुक्तानी दिन बाध्य नरहने व्यहोरा जानकारी गराइन्छ।

<u>तपसिल</u>

१. सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार
२. सोलार सिंचाइ स्थापना
३. स्थानीय तहसँगको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना/सुदृढीकरण
४. चक्लाबन्दीमा पकेट/ब्लक/जोन संचालनको लागि सहकारी र निजी क्षेत्रबाट माग संकलन, सम्भाव्यता अध्ययन र कार्यन्वयनमा सहयोग
५. कृषकस्तरमा नविनतम कृषि प्रविधिको प्रयोग अनुसन्धान तथा सिकाइ केन्द्र स्थापना गर्न सहयोग
६. गत वर्षका चक्लाबन्दी कार्यक्रमलाई निरन्तरता दिने
७. जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग
८. गत बर्ष विस्तार भएका क्षेत्र र नया विस्तार हुने क्षेत्रमा सिंचाइ पुर्वाधार निर्माण
९. कृषि बजार, भण्डारण पुर्वाधार, प्रथामिक प्रशोधन वा प्रशोधन उधोग स्थापना
१०. Tissue culture प्रविधिबाट अलैची विरुवा उत्पादन तथा वितरण सहयोग कार्यक्रम (अलैंची जोन)
११. सुधारीएको अलैंची भट्टी निर्माण सहयोग अनुदान (अलैंची जोन)
१२. च्याउ उत्पादन सहयोग कार्यक्रम (तरकारी सुपरजोन)
१३. तरकारी क्षेत्र विस्तारका लागि अस्थायी प्लास्टिक टनेल निर्माण सहयोग (तरकारी सुपरजोन)
१४. असिनाजन्य क्षति नियन्त्रणको लागि ५० प्रतिशत अनुदानमा जाली बितरण (तरकारी सुपरजोन)
१५. स्थायी प्लाष्टिक टनेल निर्माण (तरकारी सुपरजोन)

<u>थप जानकारीको लागि</u>

सम्पर्क: ०६१-५३३६१३, ९८५६००७१०१, ९८५६००७१००

<u>इमेल:pmamp.piu.kaski@gmail.com</u>

वेभ पेज:www.piukaski.pmamp.gov.np

२०८१/०२/२४
वरिष्ठ कृषि अधिकृत